अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : १८ मिति : २०८०/०४/०९

**भाग - २**

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड ,२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति

२०८०।०४।०८

भूउपयोग नियमावली, २०७९ को नियम ५ उपनियम को (४)ले दिएको अधिकार प्रयोग गरी यस अपिहिमाल गाउँपालिकाले यो आधार तथा मापदण्ड बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड - २०८० रहेको छ ।

(ख) यो मापदण्ड गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन भएको मिति देखु लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,**

(क) “ ऐन” भन्नाले भूउपयोग सम्बन्धी ऐन,२०७६ सम्झनु पर्दछ ।

(ख) “नियमावली” भन्नाले भूउपयोग नियमावली, २०७९ सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ र सो शब्दले अपिहिमाल गाउँपालिका अन्तर्गतका वडा समितिको कार्यालय समेत सम्झनु पर्दछ ।

(घ) “गाउँपालिका क्षेत्र” भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गतका क्षेत्र सम्झनु पर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(च) "आवासीय" भन्नाले मानवि बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडीएको वा नजोडिएको गोठ, भकारी,ग्यारेज, तवेला, इनार, फलफूल बगैचा,करेसाबारी,आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएको जग्गा सम्झनु पर्दछ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योगिक प्रवनर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ।

(ज) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु/ पन्छी पाल्न, फार्म हाउस, माहुरी पाल्न, रेशम खेती लगायत कृषिजन्य उत्पादन, वन उत्पादनमा जडीबुटी र वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्दछ ।

(झ) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थ उत्खनन,उत्पादन, शुद्धिकरण,प्रशोधन,सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्दछ ।

(ञ) "भूउपयोग " भन्नाले भूमिको उपयोग सम्झनु पर्दछ ।

(ट) "भूउपयोग क्षेत्र" भन्नाले ऐनको दफा (४) बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(ठ) "भूउपयोग नक्सा" भन्नाले ऐनको दफा (५) बमोजिम तयार गरिएको भूउपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

(ड) "भूउपयोग योजन" भन्नाले भूउपयोगलाई व्यवस्थित गर्न ऐनको दफा (६) बमोजिम तयार गरिएको योजना सम्झनु पर्दछ ।

(ढ) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्दछ।

(ण) "व्यवसायिक क्षेत्र" भन्नाले बैङ्क,सहकारी र वित्तीय संस्था,पसल,होटल,प्रदर्शनी कक्ष, पेट्रोल पम्प,गोदामघर, चलचित्रघर, स्वास्थ्य,सञ्चार,मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान,वैज्ञनिक,प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था,अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनको चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) "सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल,धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा मठमन्दिरहरु र प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र भनि सम्झनु पर्छ ।

(थ) "सार्वजनिक उपयोग क्षेत्र" भन्नाले विद्यालय,विश्वविद्यालय,सडक,सिँचाई कुलो वा नहर,इनार,कुवा,चौतारी,पाटी,पौवा,गौशाला,उद्यान,बसपार्क,विमानस्थल,गौचर,खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन,घर,टहर,स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित

भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँदछ ।

**३. भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु**

१. हालको उपयोगमा रहेको जग्गाको यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागबाट वर्गीकरण क्षेत्रमा नै वर्गीकरण गर्ने ।

२. जोखिम लगायत अन्य सम्बनेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गीकरण क्षेत्रमा वर्गीकरण गर्नै ।

३. यस अघि नापी विभागबाट आवासीय,व्यावसायिक र औंद्योगिक क्षेत्रमा विभाजन भएको जग्गालाई सोहि क्षेत्रमा वर्गीकरण गर्ने,तर गाउँपालिकाको आवश्यकता र उपयुक्त देखेमा आवासीय क्षेत्रलाई यस मापदण्डको अधिनमा रही व्यावसायीक क्षेत्रमा अद्यावधिक गर्न सकिनेछ

४. सरकारी,सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु बाहेक ) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।

५. हाल उपयोगमा रहेका नदीनाला,ताल ,तलैया,पोखरी (व्यक्तीको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी,खोला,ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

६. स्थानीय तहबाट स्वीकृति प्राप्त गरी खानी तथा खनीजन्य पदार्थहरु जस्तै ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

७. हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र ( धार्मिक, निजी,जग्गामा भएको बाहेक ) लाई वन वर्गीकरण गर्ने ।

८. हाल उपयोगमा रहेका मठ,मन्दिर,गुम्बा, लगायत धार्मिक क्षेत्रले चर्चका खाली जग्गा,परापूर्वकाल देखिका ऐतिहासिक धरोहर,साँस्कृति र पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

९. नगर क्षेत्रमा हाल संचालनमा रहेको उद्योग र औंद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औंद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. हाल चलन चल्तीमा उपयोग भईरहेको पसल,बैंक तथा वित्तीय संस्था,होटल,रेष्टुरा,हाट बजार लाग्ने स्थल,चमेना गृह,खाजा/फास्टफूड घर व्यावसायि प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र सेवा प्रदान गर्ने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा,निजी क्षेत्रबाट संचालित अन्य कार्यालय र सो ले चर्चेका जग्गा,निजी क्षेत्रबाट संचालित अस्पताल,क्याम्पस,विद्यालय,नर्सिङ होम ,पोलिक्लिनिक,रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ संस्था,इन्टरनेट सेवा प्रदायक संस्था लगायतलाई व्यावसायिक क्षेत्रमा वर्गीकरण गर्ने

११. निम्न मुख्य चोक तथा सडकहरुबाट देहायको अर्धव्यास सम्म सडक संग जोडिएका कित्ताको क्षेत्रलाई तपशिलको क्षेत्रमा विभाजन गर्ने वर्गीकरण गर्ने

**वडा नं. १**

| क्र.स. | बाटो/ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १. | चौर देखि आरुखोड बस्ति सम्म जाने बाटो | ५० (मिटर) दायाँ बायाँ | आवासीय |
| २. | चिड्ख्यान देखि घट्टेपन्यार सम्म जाने बाटो | १० (मिटर) दायाँ बायाँ | आवासीय |
| ३. | दोबाटो देखि विनायक सम्म जाने बाटो | ७० (मिटर) दायाँ बायाँ | आवासीय |
| ४. | चौर देखि आरुखोड सम्म जाने बाटो | २० (मिटर) दायाँ बायाँ | आवासीय |
| ५. | थपले खोला देखि पखर खोला सम्म जोडने बाटो | १० (मिटर) दायाँ बायाँ | आवासीय |
| ६. | पगर खोला देखि दोधार सम्म जोडने बाटो | ५० (मिटर) दायाँ बायाँ | आवासीय |
| ७. | स्वास्थ्य चौकि देखि पहन डाँडा धार सम्म | २० (मिटर) दायाँ बायाँ | आवासीय |
| ८. | भट्टार गाउँ देखि सामुदायिक भवन सम्म जोडने बाटो | २० (मिटर) दायाँ बायाँ | आवासीय |
| ९. | महादेव मन्दिर देखि जित्तर खोला सम्म जाने बाटो | २० (मिटर) दायाँ बायाँ | आवासीय |
| १०. | वडा नं. १ मा रहेका सामुदायिक तथा सार्वजनिक वनहरु र अन्य खरमेला भएको क्षेत्र | | वन |
| ११. | महादेव मन्दिर सिति,लटवाँग आरुखोड,महादेव मन्दिर लथि, धल्देयू मन्दिर लुम्चा र भवारी मन्दिरलाई | | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र |
| १२. | थोफले खोला सिति, गोलागाड र चमेलिय नदिलाई | | नदि खोला तथा सीमसार |
| १३. | ब्यालीताल र दोमल भन्दा माथि लोल र रोखा क्षेत्रलाई | | पर्यटकिय |
| १४ | बाँकी रहेको क्षेत्र | | कृषि |
| १५. | तल्लो ल्वाथी र मल्लो ल्वाथी जोडने बाटोको | ५० (मिटर) दायाँ बायाँ | आवासीय |
| १६. | लुम्चा टोलको कानारा देखि टिमसम्म बाटोको | १० (मिटर) दायाँ बायाँ | आवासीय |
| १७. | थोपले खोला देखि कोलु र खाएकोट पसलको नजिक | दायाँ बायाँ | |

**वडा नं. २**

| क्र.स. | बाटो/ ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १ | पातिहाल्ला देखि शान्तिको घर सम्म, दोबाटो देखि सुरेसकव घर सम्म,सुरेसको घर देखि अगबरको घर सम्म र अगबरको घर देखि खोला पुज्ना सम्म क्रमश बाटोको | दायाँ बायाँ ६० मि., २० मि., २० मि. र २०मि | आवासीय |

| | | | |
|---|---|---|---|
| २ | सकार महादेव मन्दिर देखि प्रेम सिह लोथ्यालको घर सम्म र तल्लो सकार पुनेको घर देखि कालीको घर सम्म क्रमश बाटो | दायाँ बायाँ १५ मि. र २० मि. | आवासीय |
| ३ | बकर धार देखि दोबाटो सम्म र जुम्लामेला देखि नरे कार्कीको घर सम्म क्रमश जोडने बाटोको | दायाँ बायाँ १०० मि. र ५० मि. | आवासीय |
| ४ | थालाको धार देखि दोलाय खोला सम्म र वटुल गाड देखि खोला धार सम्म क्रमश बाटोको | दायाँ बायाँ ६० मि. र ५० मि. | आवासीय |
| ५ | तल्लो पाटु देखि गुरुखोला र तल्लो पाटु देखि धार सम्म बाटोको क्रमश | दायाँ बायाँ ७० मि. र ५० मि. | आवासीय |
| ६ | तल्लो पाटु देखि सेराफेर बाटोको तल तिर | २०० मि. | आवासीय |
| ७ | तल्लो पाटु देखि विद्यालय सम्मको बाटोको | १५ मि दायाँ बायाँ | व्यवसायिक |
| ८ | जारघट्ट खोला देखि चमेलिय पुल सम्मको क्षेत्रलाई | | आवासीय |
| ९ | अपिनम्पा विद्यालय देखि स्वास्थ्या चौकी सम्म बाटोको | दायाँ बायाँ १० मि. | व्यवसायिक |
| १० | घट्टचोर देखि सल्लाधार सम्म बाटोको | १० मि. दायाँ बायाँ | व्यवसायिक |
| ११ | सलडाँडा देखि आसिपलौना सम्म बाटोको | १००मि. माथि र १७० मि. तल | आवासीय |
| १२ | नाला देखि लाटामाडौ सम्म बाटोको | १० मि. दायाँ बायाँ | आवासीय |
| १३ | चौपाता देखि भाराणी सम्म बाटोको | २० मि. दायाँ बाया | आवासीय |
| १४ | भाराणी देखि वर्मा डाँडा मन्दिर सम्म | १० मि.दायाँ बायाँ | आवासीय |
| १५ | टुडेखौला देखि निरभान सम्म बाटोको | १० मि.दायाँ बायाँ | आवासीय |
| १६ | लाटामाडौ देखि तिम्लिखान सम्म बाटोको | १० मि.दायाँ बायाँ | आवासीय |
| १७ | घट्टखोला देखि वोरोकास सम्म बाटोको | २० मि.दायाँ बायाँ | आवासीय |
| १८ | लाटा माडौनालि,महादेव मन्दिर घुसा,डाँडावाग लिथि,महादेव ल्वाथि,सेम महादेव पाटु, खोला पुजा दैभात र डाँडावाग पाटु मन्दिरलाई | | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र |
| १९ | यस वडा भित्र रहेका सम्पूर्ण सरकारी,सार्वजनिक तथा सामुदायिक संरचनाहरु , विद्यालयहरु,स्वास्थ्य चौकी र कार्यालयहरुले ओगटेको क्षेत्र | | सार्वजनिक उपयोगको क्षेत्र |

| | | | |
|---|---|---|---|
| २० | वडा भित्र रहेका खोला ,नदि तथा पानीका मुहानहरु बग्ने क्षेत्रलाई | | नदि खोला तथा सिमसार |
| २१ | वडा नं. २ मा रहेका सामुदायिक तथा सरकारी,सार्वजनिक र खरमेला भएको क्षेत्र | | वन |
| २२ | नापी तथा ऐलानी जग्गा खेति उपयोगको लागि प्रयोग भएको जग्गा | | कृषि |

**<u>वडा नं. ३</u>**

| क.स. | बाटो /ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १ | भट्टार बस्ति देखि माथि,तल र दायाँ बायाँ क्रमश | १५०मि.७०मि. र ५०मि. | आवासीय |
| २ | क्षेत्ती बस्ति भित्र रहेको नापी जाग्ग मात्र | | आवासीय |
| ३ | खोल्याम्थिङ गेट देखि कापु गाड पुलबाटो | १०० मि. दायाँ बायाँ | आवासीय |
| ४ | घाँजिर पटखेला देखिको अर्धव्यासका कित्ताहरु | १०० मि. | आवासीय |
| ५ | रंघाडी देखि गजेल्ढुङ्गाको बाटोको | २० मि.दायाँ बायाँ | आवासीय |
| ६ | कसौती बर्थिङ सेन्टर देखि सुनारु सम्म | ५० मि.दायाँ बायाँ | आवासीय |
| ७ | पाथा बस्ती बिच देखि अर्धव्यासका कित्ताहरु | १६० मि. | आवासीय |
| ८ | जौधार देखि किर्थी ईजर हुदै छिपचेनीको बाटोको | २० मि.दायाँ बायाँ | आवासीय |
| ९ | मरफुल बस्तीको बिच अर्धव्यास | ९० मि. | आवासीय |
| १० | खाडी सल्लादेखि काटै बस्ती सम्म बाटोको | ३० मि. दायाँ बायाँ | आवासीय |
| ११ | महादेव आ.वि. देखि वडा कार्यालय सम्म बाटोको | १०० मि. माथि | आवासीय |
| १२ | महादेव फागला बस्ती बिच अर्धव्यासको | ३० मि. | आवासीय |
| १३ | जँला बस्तीको बित देखि अर्धव्यास हुने गरी | २० मि. | आवासीय |
| १४ | रथि बस्तीको बिच देखि | ६० मि.दायाँ बायाँ | आवासीय |
| १५ | राताभिटा र गुरजंला बिचको सेन्टर देखि अर्धव्यास | ५० मि. | आवासीय |
| १६ | मल्लो राताभिटा बस्तीको बिच अर्धव्यास हुने गरी | ३० मि. | आवासीय |
| १७ | जुल्कने देखि खल हुदै जिवजेनी सम्म बाटोको | २०० मि. माथि र ३० मि. तल | आवासीय |
| १८ | सभ्भाड झो.फु. देखि शुर्माभवानी आ.वि. जोडने बाटोको | ६० मि. दायाँ बायाँ | आवासीय |
| १९ | खिर्सेधार देखि खिर्सा बस्ती जोडने बाटोको | २०० मि.दायाँ बायाँ | आवासीय |
| २० | झुस्कु बस्ती बिच देखि अर्धव्यास | ७० मि. | आवासीय |

| | | | |
|---|---|---|---|
| २१ | धामीगाउँ देखि काल्जौवया सम्म बाटोको | १५० मि.दायाँ बायाँ | आवासीय |
| २२ | दोबाटो देखि काफलधार सम्म बाटोको | २० मि. दायाँ बायाँ | व्यवसायिक |
| २३ | सम्भाडबाटो देखि विद्यालय हुदै जाने र दोबाटो देखि सुकरौ खोला सम्म बाटोको | २०-२० मि. दायाँ बायाँ | व्यवसायिक |
| २४ | वडा कार्यालय देखि विद्यालय सम्म बाटोको | २० मि . तल | व्यवसायिक |
| २५ | कसौती बर्थिङ देखि गोदारा सम्म बाटोको | २० मि. दायाँ बायाँ | व्यवसायिक |
| २६ | क्षेत्ती गुटी क्षेत्र,शुर्माभवानी मन्दिर ,काटै महादेव मन्दिर | | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र |
| २७ | नापी तथा ऐलानी जग्गा खेति उपयोगको लागि प्रयोग भएको जग्गा | | कृषि |

**<u>वडा नं. ४</u>**

| क.स. | बाटो / ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १ | हाल आवासीय प्रयोजनका लागि प्रयोग भइरहेको क्षेत्रबाट | ५०मि.को अर्धव्यास | आवासीय |
| २ | हाल कृषि क्षेत्र प्रयोजनका लागि प्रयोग भइरहेको आवासीय र व्यवसायिक क्षेत्र बाहेको क्षेत्रलाई | | कृषि |
| ३ | कालाईजर क्षेत्रको औद्योगिक ग्रामलाई | | औद्योगिक |
| ४ | यस वडामा रहेको तामखानी क्षेत्रलाई | | खानी तथा खनिज |
| ५ | वडा भित्र रहेका सार्वजनिक,सरकारी,सहकारी र सामुदायिक वनहरु | | वन |
| ६ | छिचारानी खोला,घट्टेखोला र खात्ती काललाई | | नदि खोला तथा सिमसार |
| ७ | तामाखानी आ.वि.सरस्वती आ.वि. गाउँपालिका कार्यालय,वडा कार्यालय,अस्पताल,वर्थिङ,प्रहरी चौकी,खलकोट पानीधारा,नौपाटा पानीधारा,खानीधारा ,सम्तेली चौड र खण्डेश्वरी मा.वि. लाई | | सार्वजनिक उपयोगको क्षेत्र |
| ८ | झलिमालि मन्दिर,सिद्ध मकरीकोट,तामाखानी मन्दिर, लटबाँघ,चिल्ढुंग्रा,थापाना मन्दिर,मष्ट मन्दिर,भूमिदेव मन्दिर र लटबाँघ मन्दिर राउला | | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र |

| | | | |
|---|---|---|---|
| ९ | नौलो बिहानी युवा क्लबको १०० मि. र गाँउपालिका भवन देखि तल १० मि. | | व्यवसायिक |
| १० | मल्देस सहकारी देखि पालिका भवन जोडने बाटोको | ७० मि बायाँ | व्यवसायिक |
| ११ | खण्डेश्वरी बजार देखि सल्ली जाने बाटो सम्म | १०० मि.तल,५० मि.माथि | व्यवसायिक |
| १२ | नलकोट देखि गोदारा आलु भवन सम्म बाटोको | ५० मि.दायाँ बायाँ | व्यवसायिक |

**<u>वडा नं. ५</u>**

| क्र.स. | बाटो /ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १. | पारि लुम्थी तल्लो टोलको दोबाटो देखि दिलिप धामीको घर सम्म | दायाँ बायाँ १५मि. | आवासीय |
| २. | मल्लो पारिलम्थीको हाल प्रयोग गरेको घरको | वरिपरि १५ मि. | आवासीय |
| ३. | लुम्थि टोलको हाल प्रयोगमा आएको घरहरुको | अर्धब्यास १०० मि. | आवासीय |
| ४. | चौडमा प्रयोग गरिएको घरको वरिपरी | २० मि. | आवासीय |
| ५. | तिम्ला र पारितिम्लामा हाल प्रयोगमा आएको घरहरुको वरिपरी | २० मि. | आवासीय |
| ६. | तल्लो एकले सल्लादेखि तल्लो सौगन्नाको बाटोको | दायाँ बायाँ ५०मि. | आवासीय |
| ७. | तल्लो सौगन्ना देखि परचाल सम्म बाटोको | दायाँ बायाँ २०मि. | आवासीय |
| ८. | कोल्डाँडा देखि मल्ला सौगन्ना सम्म बाटोको | दायाँ बायाँ १००मि. | आवासीय |
| ९. | ठुल्ढोल बाटोको वरिपरी,डाँडागाउँ वरिपरी,ठुल्ढोल २ बाटोको वरिपरी | २० मिटर | आवासीय |
| १०. | तल्लोफेर टोलको हाल प्रयोगमा आएको घरको वरिपरी | २० मिटर | आवासीय |
| ११. | मकरीगाड टोलको हाल प्रयोगमा आएको घरको वरिपरी | २० मिटर | आवासीय |
| १२. | मल्ला सैन, भाडमा हाल प्रयोगमा आएको घरको वरिपरी | २० मिटर | आवासीय |
| १३. | यस वडामा रहेका डाँडावाग आ.वि,चौलानी आ.वि,भवनी मा.वि.,सामुदायिक स्वास्थ्य चौकी तथा वर्थिङ सेन्टर र वडा कार्यालयलाई | | सार्वजनिक उपयोगको क्षेत्र |

| | | | |
|---|---|---|---|
| १४. | यस वडा भित्र रहेका सामुदायिक वन ,सार्वजनिक र सरकारी वनहरुलाई | | वन क्षेत्र |
| १५. | यस वडा भित्र रहेका मकरीगाड नदि, चमेलिय नदि,छुमछुम नदि र ढडेखोलाभलेया खोलोलई | | नदि खोला तथा सीमसार |
| १६ | भवानी पसरौल मन्दिर,डाँडावाग मन्दिर,धारा सल्लो मन्दिर,भैराथप्दु, मसाने मन्दिर, मसानघट,सौगन्ना रगसे मन्दिरलाई | | सांस्कृतिक तथा पुरातात्विक |
| १७. | पानलकाटे रोडको | दायाँ बायाँ १०० | व्यवसायिक |
| १८. | पानलकाटे देखि मकरीगाड सम्म रोडको | दायाँ बायाँ ५०मि. | व्यवसायिक |
| १९. | ओखलको रोडको तल | ५० मिटर | व्यवसायिक |
| २०. | वडा कार्यालयको सिमना देखि भल्याखोला बाटोको माथि | १० मिटर | व्यवसायिक |
| २१. | भल्याखोलामा हाल प्रयोग गरिएको क्षेत्रको अर्धब्यासकमा | १५ मिटर | व्यवसायिक |
| २२. | यस वडा भित्र कृषि प्रयोजनका लागि प्रयोग गरिएको क्षेत्रलाई | | कृषि |

**वडा नं. ६**

| क.स. | बाटो ठाउँको नाम | मापदण्ड | क्षेत्र |
|---|---|---|---|
| १. | धंकं देखि रिगुर सम्मबाटोको | दायाँ बायाँ ५० मि. | व्यवसायिक |
| २. | धंकं देखि काकानाडी सम्म को बाटो | दायाँ५०मि. बायाँ३०मि. | व्यवसायिक |
| ३. | हाल आवासीय क्षेत्रको रुपमा प्रयोग गरिएको | | आवासीय |
| ४. | सितोला बस्तीको केन्द्र देखि सय मि. अर्धव्यास हुने गरी | १०० | आवासीय |
| ५. | पारी देउलीको केन्द्र देखिको अर्धव्यास हुने गरि | ७०मि. | आवासीय |
| ६. | वारी देउलीको केन्द्र देखि पचास मि. अर्धव्यास हुने गरी | ५० मि | आवासीय |
| ७. | वारि देउली देखि शिव सरोवर सम्मको पदमार्गलाई पर्यटकीय पदमार्ग बनाउने | | पर्यटकीय |
| ८. | शिव सरोवर देखि मरखोल्टे सम्मको पदमार्गलाई | | पर्यटकीय |
| ९. | यस वडा भित्र रहेका तलखाड खोल लटवाघ,महादेव,सुर्मा भवनी,हरिचन्द्र,सुरविर मन्दिर,शिव मन्दिर,डाँडाबाघ,भुमिराज,लांगा मन्दिर,जल्देवि र ब्रम्ह मन्दिर, | | सास्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र |
| १०. | यस वडा भित्र रहेका सरकारी,सार्वजनिक,समुदायिक र सहकारी सम्पुर्ण विद्यालय,स्वास्थ्य चौकी,कार्यालयहरु आदि | | सार्वजनिक उपयोगका लागि प्रयोग क्षेत्र |

| | | | |
|---|---|---|---|
| ११. | यस वडा भित्र रहेको हाल कृषि प्रयोजनका लागि प्रयोग भएको जग्गालाई | | कृषि क्षेत्र |

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपाल